संस्कृत लेखनको आयामगत सीमाङ्कन

प्रकाश पौडेल

Department of Sahitya (Sanskrit Literature)
Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus),
Pokhara, Nepal

Submitted: 26 Nov. 2025
Reviewed : 10 Dec. 2025
Accepted : 31 Dec. 2025

DOI: *10.3126/kdk.v6i1.90145*

Corresponding Author:
Prakash Paudel
Email: *ppaudel15@gmail.com*
ORCID:*https://orcid.org/0009-0005-6204-4820*

Copyright 2026 © the Author (s) and the Publisher

कौमोदकी
Kaumodaki
Journal of Multidisciplinary Studies
A Peer-Reviewed, Open Access Journal

ISSN :
2822 - 1567 (Print)
2822 - 1583 (Online)
https://www.nepjol.info/index.php/kdk/about

Published by :
Research Management Cell
Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

लेखसार : *प्रस्तुत आलेख संस्कृत रचनाको आयामगत सीमाङ्कनमा देखा परेका समस्याको पहिचान गर्ने उद्देश्यले तयार पारिएको हो । जसमा संस्कृत प्राज्ञिक लेखनको बाह्य आयामगत सीमाङ्कनका समस्याको समाधान खोज्ने प्रयास पनि गरिएको छ । दस्तावेज विश्लेषणको गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गर्दै सोद्देश्यमूलक नमुना छनोट विधिद्वारा संस्कृतका प्रचीन ग्रन्थबाट साक्ष्यहरू छानी विश्लेषणमा उपयोग गरिएको छ । साथै पाणिनीय व्याकरण र प्राज्ञिक अनुसन्धान सम्पादनका प्रचलित मान्यतालाई मूल सैद्धान्तिक पर्याधार बनाइएको छ र अनुसन्धाताका अनुभव संयोजनबाट वर्णन र विश्लेषण गर्ने स्वोपज्ञा वृत्ति पनि अपनाउँदै प्राज्ञिक लेखनको बाह्य आयामगत सीमाङ्कनका प्रचलित युक्तिहरूका शक्ति र सीमाको वर्णन गरिएको छ । प्रस्तुत अध्ययनमा संस्कृतलाई माध्यम भाषा बनाई गरिने प्राज्ञिक लेखनमा विविध युक्तिहरूको सान्दर्भिकता केलाउँदै यस भाषाको प्रकृतिले प्राज्ञिक लेखन, सम्पादन र प्रकाशनसँग सम्बद्ध समुदायमा पारेको प्रभावको लेखाजोखा गरिएको छ । यसबाट संस्कृत लेखनमा सन्धि र समासका कारण अत्यधिक पदयोग हुन्छ; जसले शब्दसङ्ख्यामा अति न्यूनता र अर्थघनत्वमा प्रबलता ल्याउँछ । यस भाषामा समास र सन्धिगत अनेक विकल्प प्रचलित छन्; जसले प्रचलित साधारण शब्दगणना पद्धतिद्वारा परिगणित शब्दसीमाभित्र संस्कृत लेखनको आकार व्यवस्थापन निकै दुष्कर छ । यस्तो जटिलता र अन्योलले संस्कृतलाई माध्यम भाषा बनाई गरिने प्राज्ञिक लेखन केही हदसम्म निरुत्साहित पनि छ । यसको न्यूनीकरण गर्न पृष्ठ र हरफमा आधारित स्पष्ट र व्यवस्थित सीमाङ्कनका मापदण्ड निर्माण र कार्यान्वयन वा सन्धि विच्छेदित शब्दसङ्ख्याभित्र रचनाको सीमाङ्कन गर्ने युक्ति कार्यान्वयनमा ल्याउनु अत्यावश्यक छ । यसका लागि यान्त्रिक सन्धिविच्छेदक उपकरणको सबलीकरण, त्यस्ता उपकरणमा प्राज्ञिक समुदायको सहज पहुँच निर्माण र अनुसन्धान व्यवस्थापनसम्बद्ध नियम एवम् मापदण्डमा आवश्यक परिमार्जन गरिनुपर्छ भन्ने निष्कर्ष निकालिएको छ; जुन संस्कृत भाषाका लेखक, सम्पादक, प्रकाशक तथा प्राज्ञिक अनुसन्धानका मापदण्ड निर्धारक प्राज्ञिक समुदाय एवम् निकायलाई उपयोगी बन्ने अपेक्षा गरिएको छ ।*

शब्दकुञ्जी : पङ्क्ति गणना, पृष्ठ सङ्ख्या, यान्त्रिक सन्धिविच्छेद, समास, शब्दसीमा

विषय प्रवेश

नेपालमा संस्कृत भाषालाई अभिव्यक्तिको माध्यम बनाई गरिने प्राज्ञिक लेखनको व्यवस्थापनमा एपिए शैलीको उपगोग गरिन्छ । नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र र उक्त विश्वविद्यालयअन्तर्गतका विभिन्न विद्यापीठबाट प्रकाशन हुने अनुसन्धानात्मक पत्रिकाहरूले यसैलाई मानक बनाउने गरेका छन् । पत्रिकाका सम्पादकले समग्र लेखरचना र तिनका आन्तरिक अवयवको बाह्य आयामगत सीमा निर्धारण गर्न शब्दसीमा तोकेका हुन्छन् ।

संस्कृत भाषामा पदान्तगत सन्धि र समासमा पदयोग र वियोगका विविध विकल्प प्रचलित छन् । गद्यमा त समास र सन्धि गर्ने वा नगर्ने भन्ने प्रयोक्ताको इच्छामा निर्भर हुने गरेको छ । सन्धि र समास प्रयोगले समग्र रचनामा पदसङ्ख्या अत्यधिक घट्ने तर अर्थघनत्व अत्यधिक बढ्ने हुन्छ । संस्कृत भाषाको यही विशेषताकै कारण यस भाषामा नेपाली, हिन्दी, अङ्ग्रेजी आदि भाषाको कुनै कथ्यको अभिव्यक्ति ती भाषामा भन्दा निकै कम शब्दमा हुन सक्छ । त्यसैले शब्दान्तरालका आधारमा शब्द गणना गर्ने माइक्रोसफ्ट वर्ड वा गुगल डक्समा उपलब्ध प्रविधिबाट प्राप्त शब्दसङ्ख्याद्वारा संस्कृत लेखनको आयाममा स्थिरता ल्याउन सकिँदैन तैपनि हालसम्म यही उपयोगमा छ; जसले संस्कृतका अनुसन्धाता र प्रकाशक दुवै अनावश्यक झन्जटमा परेका छन् । संस्कृत लेखन सीमाकङ्कनमा रहेको यस्तो समस्याका विषयमा हालसम्म सामान्य चर्चासम्म नभएकाले त्यसको वर्णन गर्दै सम्भाव्य समाधान खोज्नु अत्यावश्यक छ । त्यसैले उक्त आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययनमा मूलतः दस्ताबेज विश्लेषण ढाँचा अवलम्बन गर्दै व्यवहारबाट प्राप्त तथ्यको विश्लेषण र सामान्यीकरण गरिएको छ; जुन विविध साक्ष्यहरूमा आधरित छ । अधिकांश साक्ष्यहरू संस्कृत भाषा र साहित्यका विविध ग्रन्थबाट सोद्देश्यपूर्ण नमुना छनौट विधिद्वारा चयन गरी उपयोग गरिएको छ भने केही सोद्देश्यपूर्ण रूपमा लेखकबाट तयार पारिएका छन् । आधारभूत तथा सन्दर्भ सामग्री एवम् तथ्यहरूको सङ्कलन पुस्तक, लेख र जर्नलका छापा तथा विद्युतीय प्रकाशनबाट गरिएको छ । साक्ष्यको विश्लेषणमा तालिका प्रयोगमा ल्याइएको छ । तालिकामा प्रस्तुत तथ्याङ्क मानवीय सन्धिविच्छेदित गणना र ChatGPT तथा माइक्रोसफ्ट वर्डमा उपलब्ध यान्त्रिक उपकरणबाट प्राप्त गरिएको छ । उससर्गको आधारपदसँग तत्पुरुष समास हुन्छ तर त्यो एक्लै अर्थबोधक हुँदैन । त्यसैले दीर्घसमासमा प्रयुक्त उपसर्ग अलग शब्दमा परिगणित छैनन् ।

सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा संस्कृत व्याकरण, अनुसन्धान विधि, शोधलेखका प्रचलित मापदण्ड एवम् शोधलेखको बाह्य आयाम सीमाङ्कनसम्बद्ध अवधारणा र मान्यताहरूलाई सैद्धान्तिक पर्याधार बनाइएको छ । जसमा प्रातिपदिक, पद, सन्धि र

समाससम्बद्ध पाणिनीय व्याकरणका परिभाषा र नियम, विविध शोध शैलीमा उद्धरण व्यवस्थापनमा प्रयुक्त युक्तिहरू तथा शोधलेख र यसका विविध अवयवको आकार निर्धारणका प्रचलित युक्तिहरू प्रमुख छन् ।

छलफल र निष्कर्ष

प्राज्ञिक लेखनका क्षेत्रमा शब्दसङ्ख्या गणनाद्वारा लेख रचनाको सीमाङ्कन गर्ने विधि बहुप्रचलित छ । नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र र यस विश्वविद्यालयअन्तर्गतका विद्यापीठबाट प्रकाशित अनुसन्धानात्मक पत्रिकाहरूले एपिए शैली अपनाएका छन्; जसले उद्धरणको वर्गीकरणमा शब्दसङ्ख्यालाई प्रमुख आधार बनाउँदै ३९ शब्दसम्मका उद्धरणलाई उद्धरण चिह्नभित्र राख्नु पर्ने र ४० शब्दभन्दा माथि शब्द रहेको उद्धरणलाई बायाँतिर डेढ इन्च छोडेर अलग अनुच्छेदमा राख्नु पर्ने व्यवस्था गरेको छ (घोडासैनी, २०२२, पृ. ५२) । जर्नलका प्रकाशकहरूले शोधलेखको आयामगत सीमा निर्धारण गर्न शब्दसङ्ख्या तोकेका हुन्छन् । शीर्षक, सार, निष्कर्ष आदि आन्तरिक अवयवको आयाम निश्चित गर्ने मानदण्ड पनि शब्दसङ्ख्या रहेको छ । नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको जनता विद्यापीठबाट प्रकाशित बहुभाषी (अङ्ग्रेजी, नेपाली र संस्कृत) जर्नल हैमप्रभाले सम्पूर्ण लेख ३५०० देखि ५००० शब्दसीमाभित्र लेखिएको हुनुपर्ने, शीर्षकमा अधिकतम १२ शब्द र लेखसार १२५ शब्दभित्र रहनुपर्ने उल्लेख गरेको छ (https://www.nepjol.info/index.php/haimaprabha/information/authors) । संस्कृत भाषा साहित्य र दर्शनसम्बद्ध जर्नल *अन्वेषणा* र बहुविषयसम्बद्ध त्रैभाषिक जर्नल *कौमोदकी*, *अवधारणा*, *शोधसुधा* र *कालिका प्रभा*ले पनि समग्र लेख र यसका अवयवको आयाम सीमाङ्कनको मापक शब्द गणनालाई नै बनाएका छन् । साधारण शब्द गणना प्रविधि शब्दान्तरालमा आधारित छ । अन्य भाषामा यस प्रविधिबाट परिगणित शब्दसङ्ख्या वास्तविक सङ्ख्यासँग अत्यन्त निकट देखिए पनि योगात्मक प्रकृतिको संस्कृत भाषामा यसले दिने नतिजा र वास्तविक सङ्ख्यामा ठुलो अन्तराल पाइन्छ । यो समस्या समाधानका सम्भाव्य र सरल विकल्प खोज्न र अपनाउन प्राज्ञिक समुदाय र निकायलाई उन्मुख बनाउन साधारण तथा सन्धि विच्छेदित शब्द परिगणनद्वारा संस्कृत लेखनको सीमाङ्कनका शक्ति र सीमाको चर्चासहित संस्कृतभाषी रचनाको बाह्य आयामगत सीमाङ्कनमा अन्य विधिको सान्दर्भिकता र प्रभावकारिताबारे विभिन्न शीर्षक र उपशीर्षक विभाजनसहित क्रमशः चर्चा गरिएको छ :

संस्कृत शब्द परिगणनको एकाइ

लेख वा रचनामा शब्दसङ्ख्या गन्ने माइक्रोसफ्ट वर्ड, गुगल डक्सजस्ता कम्प्युटर कार्यक्रमले अक्षरहरू (Characters) को अन्तराल (Space) का आधारमा शब्द गणना (Word Count) गर्दछन् । यसले अक्षरका बिचमा अन्तराल नभए सम्पूर्ण अक्षरको समूह एक वर्ड (Word) मान्छ । नेपाली हिन्दी आदि भाषाका सन्दर्भमा शब्दलाई अङ्ग्रेजी वर्डको समानार्थी मानिएको छ । संस्कृत भाषाका सन्दर्भमा भने वर्ड (Word) को समानार्थी पद वा शब्द (धातु र प्रातिपदिक) कुन मान्ने भन्ने द्विविधा देखिन्छ । पाणिनिका मतमा सुप् विभक्ति लाग्नुअघिको पदको मूल रूप प्रातिपदिक हो (प्रातिपदिकं प्राक् सुपः) (काशिकावृत्तिः, १/२/४६) । जसमा धातु र प्रत्ययबाहेकका सार्थक एकाइ पर्दछ (अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्- अष्टाध्यायी, १/२/४५) । प्रातिपदिक व्युत्पन्न वा अव्युत्पन्न दुई प्रकारका हुन्छन् । अव्युत्पन्न प्रातिपदिकलाई अपृक्त पनि

भनिएको छ । व्युत्पत्ति देखाउन नसकिने सार्थक वर्णसङ्घात अपृक्त प्रातिपदिक हुन् । जस्तै : गौः अश्वः आदि । व्युत्पन्न प्रातिपदिकमा धातुज (कृदन्त) तद्धितान्त र समासज उपप्रकार छन् (कृत्तद्धितसमासाश्च) (अष्टाध्यायी, १/२/४६) । व्युत्पन्न र अपृक्त सबै प्रकारका प्रातिपदिकमा विभक्ति र वचनसूचक सुप् प्रत्यय जोडिएर पद बन्छ । गम्, पठ्, भू, स्था, अस्, दा, नी, क्रीड् आदि धातुहरू यत्तिकै वाक्यमा प्रयोग हुँदैनन् । यिनमा भाव, काल, पुरुष र वचनबोधक तिङ् प्रत्यय जोडिएपछि मात्र वाक्यमा प्रयोग हुन्छन् । त्यसरी बनेका गम् > गच्छति, अगच्छत्, गच्छ, गम्यते पठ् > पठन्ति, अपठन्, पठन्तु, पठ्यते आदि क्रियालाई पद भनिन्छ (सुप्तिङन्तं पदम्) (अष्टाध्यायी, १/४/१४) । संस्कृत भाषाका मूल वा प्राथमिक अर्थयुक्त एकाइ धातु र प्रातिपदिक हुन् । यिनमा सुप् वा तिङ् प्रत्यय जोडिएर बन्ने नाम, विशेषण, अव्यय र क्रियापद पदहरू मात्र वाक्यमा प्रयोग हुन्छन् । संस्कृत लेखनमा वाक्यगत सन्धि नहुने वा नगरिएको स्थितिमा एक पदभित्र रहेका वर्णहरू अन्तराल नराखी क्रमशः एक गुच्छामा लेखिन्छन् र यिनलाई साधारण शब्द गणना पद्धतिले एक वर्ड नै देखाउँछ । यसरी भाषातात्त्विक दृष्टिमा अङ्ग्रेजी वर्ड (Word) को संस्कृतानुवाद पद मान्नु उपयुक्त हुन्छ ।

योगात्मक प्रकृतिको संस्कृत भाषामा व्युत्पादक र रूपायक दुवै प्रत्ययहरू अन्तर्घुलित हुन्छन् । जस्तै : राम + सु = रामः, राम + अम् = रामम्, राम + टा (एन) = रामेण, गम् + ति = गच्छति, भू + ति = भवति, दा + ति = ददाति, हु + ति = जुहोति, नी + ति = नयति आदि । नेपालीमा यो प्रवृत्ति मध्यम खालको हुन्छ भने अङ्ग्रेजी भाषामा अत्यन्त न्यून हुने गर्दछ । यसैले अङ्ग्रेजी विश्लेषणात्मक (Analytic) संस्कृत योगात्मक (Synthetic) भाषा हुन् । नेपालीमा संस्कृत भाषामा भन्दा कम र अङ्ग्रेजीमा भन्दा बढी योगात्मक हुने प्रवृत्ति पाइन्छ । संस्कृत भाषामा पद निर्माण धातु वा प्रातिपदिकबाट हुन्छ । धातुमा उपसर्ग वा प्रत्यय जोडेर शब्दमा प्रत्यय जोडेर र दुई वा त्योभन्दा बढी शब्द जोडेर नयाँ शब्द बनाइन्छ । उपसर्ग र प्रत्ययद्वारा नवीन शब्द बनाउँदा दुवै स्वतन्त्र अर्थघटकको उपस्थिति नदेखिए पनि समास व्युत्पन्न प्रातिपदिकमा अनेक स्वतन्त्र अर्थघटकहरू संसक्त भएर रहन्छन् । जस्तै :

१. दशरथ-सुत-निशित-शरनिकर-निपात-निहत-रजनीचर-बल-बहल-रुधिर-सिक्त-मूलम् (बाणभट्टः, २०६९, पृ.१०३)
२. कुरङ्ग-कुरर-कुसुम्भ-वैकङ्क-त्रिकूट-शिशिर-पतङ्ग-रुचक-निषध-शिनीवास-कपिल-शङ्ख-वैदूर्य-जारुधि-हंसर्षभ-नाग-कालञ्जर-नारदादयः (श्रीमद्भागवतम्, ५/१६/२६)
३. साधर्म्य-वैधर्म्य-उत्कर्ष-अपकर्ष-वर्ण्य-अवर्ण्य-विकल्प-साध्य-प्राप्ति-अप्राप्ति-प्रसङ्ग-प्रतिदृष्टान्त-अनुत्पत्ति-संशय-प्रकरण-हेतु-अर्थापत्ति-अविशेष-उपपत्ति-उपलब्धि-अनुपलब्धि-नित्य-अनित्य-कार्य-समाः (न्यायसूत्रम्, ५/१/१)
४. अनादर-चरण-अङ्गुष्ठ-अनिष्ठ्यूत-कैलास-उन्मूलन-आगत-पतद्-दश-वदन-अविरस (विरस?)-विरुत-विहसित-अमर-मण्डली-महित-महिमानम् (त्रिविक्रमभट्टः, ई. २००६, पृ.२३७)
५. शरत्(द्)-इन्दु-कुन्द-घन-सार-नीहार-मृणाल-मराल-सुर-गज-नीर-क्षीर-गिरि-साट्टहास-कैलाश-नीकाश-मूर्त्या (दण्डी, २००४, पृ. ५-६)
६. विभक्ति-समीप-समृद्धि-व्यृद्धि-अर्थ-अभाव-अत्यय-असम्प्रति-शब्द-प्रादुर्भाव-पश्चाद्-यथा-आनुपूर्व्य-यौग-पद्य-सादृश्य-सम्पत्ति-साकल्य-अन्त-वचनेषु (अष्टाध्यायी, २/१/६)

प्रस्तुत समस्त पदहरूमा क्रमशः ११, १८, २५, १७, १७ र २० अर्थघटकहरू संसक्त छन् । यहाँ रहेका सबै अर्थघटकहरू निरपेक्ष रूपमा अर्थबोध गराउन सक्षम हुन्छन् । यसरी संस्कृत भाषामा प्रचलित बहुपदी समासमा दीर्घ (३-५ शब्द संसक्त) र दीर्घतम (६-२५ वा अधिक शब्द संसक्त) पदहरू पाइने हुँदा अर्थघनत्व अत्यधिक बढ्ने र शब्दगणना अत्यधिक घट्ने हुन्छ । समस्त पदमा रहेका शब्दलाई समासअघिकै (विग्रहको स्थिति) अवस्थामा प्रयोग गर्ने विकल्प पनि प्रचलित छ । दुईभन्दा बढी शब्दको समासबाट व्युत्पन्न शब्द नजोड्ने प्रचलन रहेका भाषामा यही भाषिक अभिव्यक्तिमा ११ देखि २५ शब्द (Word) साधारण शब्द गणना पद्धतिले देखाउँछ । अयोगात्मक प्रकृतिका भाषामा जुन स्तरका अर्थघटकहरू सिधै वाक्यमा प्रयोग हुन्छन् तर संस्कृत भाषामा त्यस्तो अवस्था रहँदैन । बहुपदी समासले अनेक शब्द र पदान्तगत सन्धिले अनेक पदहरूलाई एक वर्ड देखाउन सक्छ । त्यसैले विश्लेषणात्मक (Analytic) प्रकृतिका भाषाहरूमा साधारण शब्द परिगणनबाट निर्धारित शब्दले जेजति भाषिक अभिव्यक्ति हुन्छ त्यही अभिव्यक्ति संस्कृतजस्ता योगात्मक (Synthetic) प्रकृतिका भाषामा निकै कम शब्दमा नै हुन सक्छ । समास प्रयोगगत अल्पता वा प्रचुरता, लाघव वा दीर्घता एवम् मध्यरूप आदि अवस्था प्रयोक्ताको रुचिमा आधारित हुन्छ; जसले अङ्ग्रेजी शब्द गणना (Word Count) ले झैँ संस्कृत पदगणनाद्वारा रचनामा प्रस्तुत हुने कथ्यको विस्तारलाई सीमाबद्ध गर्न असम्भवप्रायः हुन्छ । त्यसैले प्राज्ञिक लेखनको सीमाङ्कनका सन्दर्भमा भने वर्ड (Word) ले आधारभूत भाषिक एकाइ (शब्द) भन्नु जति सान्दर्भिक हुन्छ त्यति पद हुन सक्दैन ।

शब्दसङ्ख्या परिगणनमा समासको प्रभाव

संस्कृत गद्यमा समास बहुल, मध्यम र प्रायः असमस्त भाषिक शैली पाइन्छन् । समस्त शब्द वा विग्रह वाक्य कुन प्रयोग गर्ने भन्ने प्रयोगकर्ताको रुचिमा निर्भर हुन्छ । प्रत्येक व्यक्तिका रचनामा समस्त पदको सघनता र विस्तारमा फरक पर्न सक्ने हुँदा रचनैपिच्छे शब्द संपृक्तताको स्थिति फरक फरक हुन सक्छ । यसले विश्लेषणात्मक (Analytic) प्रकृतिका भाषामा भन्दा कम शब्दसीमा तोक्न अनुपात निकाल्न पनि सहज छैन । जस्तै :

साक्ष्य १ :

> …अन्तरान्तरा कैलास-तरङ्गिणी-तरङ्गित-सिकतिल-तल-भूमिभागैः, वनदेवता-करतल-निवह-निभमलक्तकजल-लवसिक्तमिव किसलयनिकरमति-सुकुमारमुद्वहद्भिः, ग्रन्थिपर्ण-ग्रास-मुदित-चमरीकुल-निषेवित-मूलैः, कर्पूरागुरु-प्रायैः, इन्द्रायुधैरिव घनावस्थानैः, कुमुदैरिवादत्त-दिनकर-प्रवेश-शिशिराभ्यन्तरैः, दाशरथिबलैरिवाञ्जन-नील-नल-परिगतप्रान्तैः, प्रासादैरिव सपारावतैः, भवनतापसैरिव सन्निहितवेत्रासनैः, रुद्रैरिव नागलताबद्धपरिकरैः, उदधि-कूल-पुलिनैरिव निरन्तरोद्भिन्न-प्रवाललताङ्कुर-जालकैः, अभिषेकसलिलैरिव सर्वौषधि-कुसुम-फल-किसलय-सनाथैः, आलेख्यगृहैरिव बहु-वर्ण-चित्र-पत्त्र-शकुनि-शतशोभितैः, कुरुभिरिव भारद्वाजद्विजोपसेवितैः, महासमरमुखैरिव पुन्नाग-समाकृष्ट-शिलीमुखैः, महाकरिभिरिव प्रलम्ब-बाल-पल्लव-स्पृष्ट-भूतलैः, अप्रमत्त-पार्थिवैरिव पर्यन्तावस्थित-बहुगुल्मकैः, दंशितैरिव भ्रमर-सङ्घात-कवचावृतकायैः, प्रमाणाभिमुखैरिव वानर-कराङ्गुलि-स्पृष्ट-गुञ्जैः, अवनिपाल-शयनैरिव सिंहपादाङ्कितितलैः, आरब्धपञ्चतपःक्रियैरिवोच्छिखशिखि-मण्डलपरिवृतैः, दीक्षितैरिव कृतकृष्णसारविषाणकण्डूयनैः, जरद्गृहमुनिभिरिव जटालबालकमण्डलधरैः, इन्द्रजालि-कैरिव दृष्टिहारिभिः

पादपैः परिवृतं चन्द्रप्रभनाम्नस्तस्य सरसः पश्चिमे तीरे कैलासपादस्य ज्योत्स्नावदातया प्रभया धवलयतस्तं प्रदेशं भूतल-भागसन्निविष्टं भगवतः शूलपाणेः शून्यं सिद्धायतनमपश्यत् (बाणभट्टः, २०६९, पृ. ५९९-६१०)।

साक्ष्य २ :

अथ नातिदूरोद्गतेन त्रिभुवनप्रासादमहाप्रणालानुकारिणा सुधासलिलप्लवानिव वहता चन्दनरसनिर्झरनिकरानिव क्षरता अमृतसागरपूरानिवोद्गिरता श्वेतगङ्गाप्रवाहसहस्राणीव वमता चन्द्रमण्डलेन प्लाव्यमाने ज्योत्स्नया भुवनान्तराले, श्वेतद्वीपनिवासमिव सोमलोकदर्शन-सुखमिवानुभवति जने, महावराह-दंष्ट्रामण्डलनिभेन शशिना क्षीरसागरोदरादिवोद्ध्रियमाणे महीमण्डले, प्रतिभवनमङ्गनाजनेन विकचकुमुदगन्धैश्चन्दनोदकैरुपह्रियमाणेषु चन्द्रोदयार्घेषु, कामिनी-प्रहित-सुरत-दूती-सहस्र-सङ्कुलेषु राजमार्गेषु, नीलांशुकरचितावगुण्ठनासु चन्द्रालोक-भयचकितासु कमलवनलक्ष्मीष्विव नीलोत्पलप्रभापिहितासु इतस्ततः पलायमानास्वभिसारिकासु, प्रतिकुमुदमाबद्धमधुकरमण्डलासु प्रबुध्यमानासु भवनदीर्घिकाकुमुदिनीषु, स्फुटितकुमुदवन-बहल-धूलि-धवलितोदरे निशा-नदी-पुलिनायमाने अन्तरीक्षे, चन्द्रोदयानन्दनिर्भरे महोदधाविव रतिरसमय इव उत्सवमय इव विलासमय इव प्रीतिमय इव जीवलोके, शशिमणिप्रणालनिर्झरे प्रमोद-मुखर-मयूर-रवरम्ये प्रदोषसमये, गृहीतविविध-कुसुम-ताम्बूलाङ्गराग-पटवास-चूर्णया तरलिकयानुगम्यमाना, तेनैव मूर्च्छानिहितेन किञ्चिदाश्यानचन्दन-ललाटिका-लग्न-धूसराकुलालकेन चन्दनरसचर्चाङ्गरागवेषेणार्द्रेण, तथैव च तया कण्ठस्थितयाऽक्षमालया श्रवणशिखर-चुम्बिन्या च पारिजातमञ्जर्या, पद्मरागरत्नरश्मिविनिर्मितेनेव रक्तांशुकेन कृतशिरोऽवगुण्ठना केनचिदात्मीयेनापि परिजनेनानुपलक्ष्यमाणा तस्मात् प्रासादशिखरादवातरम् (बाणभट्टः, २०६९, पृ. ७५०-५४)।

साक्ष्य ३

तत्त्वमत्रैव तिष्ठ, यावदहं तं समये दृष्ट्वा ततः पश्चात्त्वामानयामि। तथाऽनुष्ठिते दमनकः पिङ्गलसकाशं गत्वेदमाह- 'स्वामिन्! न तत्प्राकृतं सत्त्वम्। स हि भगवतो महेश्वरस्य वाहनभूतो वृषभः- इति। मया पृष्ट इदमूचे - महेश्वरेण परितुष्टेन कालिन्दीपरिसरे शष्पाग्राणि भक्षयितुं समादिष्टः, किं बहुना। मम प्रदत्तं भगवता क्रीडार्थं वनमिदम्। पिङ्गलक आह - (सभयम्) सत्यं ज्ञातं मयाधुना। न देवताप्रसादं विना शष्पभोजिनो व्यालाकीर्णे एवंविधे वने निःशङ्काः नर्दन्तो भ्रमन्ति। ततस्त्वया किमभिहितम् ? दमनक आह- स्वामिन्, एतदभिहितं मया यदेतद्वनं चण्डिकावाहनभूतस्य मत्स्वामिनः पिङ्गलकनाम्नः सिंहस्य विषयीभूतम्। तद्भवानभ्यागतः प्रियोऽतिथिः। तत्तस्य सकाशं गत्वा भ्रातृरतेहेनैकत्र भक्षणपानविहरणक्रियाभिरेकस्थानाश्रयेण कालो नेयः - इति। ततस्तेनापि सर्वमेतत्प्रतिपन्नम् (विष्णुशर्मा, १९१७, पृ. ४०)।

उपर्युक्त साक्ष्यमा रहेका पङ्क्ति, शब्दसङ्ख्या र साधारण तथा सन्धि विच्छेदित शब्दसङ्ख्याको अन्तराल यस प्रकार तालिकाबद्ध गरिएको छ।

साक्ष्य	पङ्क्ति (हरफ) सङ्ख्या	साधारण गणनाबाट प्राप्त नतिजा	समास र सन्धि विच्छेदित नतिजा		अन्तराल (प्रतिशतमा)	
			यान्त्रिक	मानवीय	यान्त्रिक	मानवीय
१	१२	६१	१९९	१९६	२२६%	२२१%
२	१३	७४	४१९	३८०	५५७%	३८०%
३	८	८७	११९	११८	३६%	३५.६३%

तालिकामा प्रस्तुत साक्ष्य १-३ मा १२, १३ र ८ हरफ रहँदा साधारण गणनाले ६१, ७४ र ८७ शब्द एवम् सन्धि विच्छेदित गणनाले १९६, ३८० र ११८ शब्द देखाएका छन् । शब्दसङ्ख्या कम देखिएका साक्ष्य १ र २ दीर्घसमास बहुल (चारदेखि आठ शब्द संसक्त) छन् । ८ पङ्क्ति रहेको साक्ष्य ३ मा तिनभन्दा बढी शब्द समस्त पद केवल तिन ओटा छन् । जसमा साधारण गणनाले १३ पङ्क्ति रहेको साक्ष्य २ मा भन्दा बढी शब्द देखाएको छ । साधारण र सन्धि विच्छेदित शब्दको अन्तराल प्रतिशतमा विचलन (३५.६३ देखि ३८०) पनि अत्यधिक छ । त्यसैले साधारण गणनाबाट प्राप्त शब्दबाट रचनाको आयाम र भाषिक अभिव्यक्तिगत पक्षलाई सीमाङ्कन असम्भव हुन्छ ।

साधारण शब्दसङ्ख्या परिगणन र सन्धि

दुई वर्णसँगै आउँदा हुने परिवर्तन सन्धि हो । संस्कृत सन्धि नियममा संहिता भएका वर्णबिच मात्र सन्धि हुन्छ । यो वर्णहरूको अत्यन्त निकटताको अवस्था हो । यो नित्य र अनित्य हुन्छ । संहिता नित्य हुँदा सन्धि अनिवार्य हुन्छ भने अनित्य भए सन्धि ऐच्छिक वा वैकल्पिक हुन्छ । यसबारे संस्कृत वैयाकरणले भनेका छन् -

> संहितैकपदे नित्या, नित्या धातूपसर्गयोः ।
> नित्या समासे, वाक्ये तु सा विवक्षामपेक्षते ॥ (शास्त्री, १९९५, पृ. ११९)

अखण्ड पद (भू+अ+ति > भवति, द्रव्+अ+ति > द्रवति, राम+औ > रामौ आदि) मा धातु र उपसर्ग (प्र+ईक्षते > प्रेक्षते, उत्+भवः > उद्भवः) मा र समस्त शब्द (विद्यालयः, सूर्योदयः, विद्याधरोरगाध्यासितः) मा संहिता नित्य हुन्छ । वाक्यमा प्रयुक्त भिन्न भिन्न पदका बिचमा संहिता अनित्य अर्थात् प्रयोक्ताको इच्छामा निर्भर रहन्छ । यस विषयसम्बद्ध धारणा बुझ्न केही साक्ष्यहरू अवलोकन गरौँ :

साक्ष्य ४ :

सन्धियुक्त लेखन : ततस्तमुपकारकमाचार्यमालोक्येश्वरभावनयेदमाह- "श्रद्धेयाचार्यपादानामनुकम्पयैवास्माकमियमवस्थिति-र्जाताऽस्ति ।" शब्दसङ्ख्या - ४

सन्धिविच्छेद : ततः तम्, उपकारकम्, आचार्यम्, आलोक्य ईश्वरभावनया इदम्, आह - श्रद्धेयाचार्यपादानाम्, अनुकम्पया एव अस्माकम्, इयम्, अवस्थितिः जाता अस्ति । शब्दसङ्ख्या – १७

नेपाली भाषान्तर : त्यसपछि ती उपकारी आचार्यलाई हेरेर यी ईश्वर हुन् भन्ने भावनाले भन्यो - "श्रद्धेय आचार्यको अनुकम्पाले नै हाम्रो यो अवस्था भएको हो।" शब्दसङ्ख्या – २२

साक्ष्य ५ :

सन्धियुक्त लेखन : गुरुर्हरिं लेखनीमानयेत्यवदत् किन्तु स तन्नाशृणोत्। शब्दसङ्ख्या - ५

सन्धिविच्छेद : गुरुः हरिम्, लेखनीम्, आनय इति अवदत्, किन्तु सः तत् न अशृणोत्। शब्दसङ्ख्या - ११

नेपाली भाषान्तर : गुरुले हरिलाई कलम ल्याऊ भन्नुभयो तर उसले त्यो सुनेन। शब्दसङ्ख्या - ९

साक्ष्य ६ :

सन्धियुक्त लेखन : कदाचिच्चतुरुदधिवेलावलयितवसुन्धराविख्यातमपत्यमभिलषन्ननादरचरणाङ्गुष्ठानिष्ठ्यूतकैलासोन्मूलनागतपतद्दशवदना-(न?)-रसविरुतविहसितामरमण्डलीमहितमहिमानमनवरतविरञ्चिरचितविचित्रनामसामवस्तुस्तुतिमनवरत-सकललोककल्याणकाधेनुमनुपमवर्चसमर्चयाञ्चकार भगवन्तमम्बिकापतिम् (त्रिविक्रमभट्टः, ई. २००६, पृ. २३७)। शब्दसङ्ख्या - २

सन्धिविच्छेद : कदाचित्, चतुर्-उदधि-वेला-वलयित-वसुन्धरा-विख्यातम्, अपत्यम्, अभिलषन्, अनादर-चरण-अङ्गुष्ठ-अनिष्ठ्यूत-कैलास-उन्मूलन-आगत-पतद्-दशवदन-अविरस-विरुत-विहसित-अमर-मण्डली-महित-महिमानम्, अनवरत-विरञ्चि-रचित-विचित्र-नाम साम-वस्तु-स्तुतिम्, अनवरत-सकल-लोक-कल्याण-काम-धेनुम्, अनुपम-वर्चसम्, अर्चयाञ्चकार, भगवन्तम्, अम्बिका-पतिम्। शब्दसङ्ख्या – ११ (पद / समास विच्छेदरहित) ४५ (शब्द / उपसर्गसमासबाहेक समास विच्छेदित)

नेपाली भाषान्तर : कुनै बेला राजाले चार समुद्रवेष्टित भूमण्डलमा चर्चित (हुने) छोरा पाउने इच्छा गर्दै बेवास्तासहित खुट्टाको औँलाले दबाएको कैलासलाई उचालेर फाल्न प्रयास गर्दागर्दै लडेको रावणको करूण रुवाइ सुनेर हाँसेका देवताहरूद्वारा महिमा गाइएका, ब्रह्माले वैचित्र्यपूर्ण नाममा आधारित सामवेदका मन्त्रद्वारा स्तुति गरिएका, निरन्तर सम्पूर्ण लोककल्याणमा कामधेनुजस्ता, अतितेजस्वी उमापति भगवान् शिवको पूजा गरे। शब्दसङ्ख्या – ४८

यहाँ सन्धि गर्दा साधारण शब्द परिगणन पद्धतिले लेख्य चिह्नसहित साक्ष्य ४ मा ४, ५ मा ५ र ६ मा २ शब्द देखाउँछ भने सन्धि विच्छेदित गणनामा साक्ष्य ४ मा १७, ५ र ६ दुवैमा ११ शब्दहरू छन्। साक्ष्य ६ मा समास पनि छुट्याएर गन्दा ४५ शब्द देखिन्छन्। उक्त कथ्यको नेपाली भाषान्तरमा क्रमशः २२, ९ र ४८ शब्द देखिन्छन्। उपर्युक्त साक्ष्यमा सन्धि व्यवस्थाका कारण साधारण गणनामा सही नतिजा देखिएको छैन। सन्धि छुट्याउँदा सङ्ख्यामा साक्ष्य ४ मा ३२५%, ५ मा १२०%, ६ मा सन्धि विच्छेदित गणनामा ४५०% र समासविच्छेदित गणनामा मा २१५०% ले वृद्धि भएको छ। सन्धिविच्छेदसहित परिगणित सङ्ख्यासँग नेपाली भाषान्तरित कथ्यको शब्दसङ्ख्या सन्निकट नै रहेको छ। साक्ष्य ४ र ५ मा वाक्यमा प्रयुक्त पद आपसमा सन्धि भएको छ भने साक्ष्य ६ मा रहेका 'चरणाङ्गुष्ठानिष्ठ्यूत' 'कैलासोन्मूलनागतपतद्दशवदनाविरस' जस्ता स्थानमा एउटै

पदभित्र सन्धि भएको छ । यसरी संस्कृतमा एउटै पदभित्रका अवयवबिचमा पदमध्यगत र वाक्य वा उपवाक्यमा प्रयुक्त पदका बिचमा पदान्तगत सन्धि हुन्छ । यस आधारमा संस्कृत सन्धिलाई पदमध्यगत र वाक्यगत गरी दुई भागमा बाँड्न सकिन्छ ।

पदमध्यगत सन्धि. धातु र 'तिङ्' प्रत्ययका बिचमा, प्रातिपदिक र 'सुप्' प्रत्ययका बिचमा, समास भएका प्रातिपदिकहरूका बिचमा, उपसर्ग र धातुका बिचमा, धातु र कृत्प्रत्ययका बिचमा, प्रातिपदिक र तद्धितप्रत्ययका बिचमा हुने सन्धि पदमध्यगत सन्धि हो । संस्कृत सन्धि नियममा यस्तो सन्धि नित्य अर्थात् अनिवार्य मानिएको छ । समासमा सन्धि अनिवार्य रहे पनि असमस्त पदावली (विग्रह) प्रयोग गर्न प्रयोक्ता स्वतन्त्र रहन्छ । जस्तै : 'अम्बिकापतिम्'/'अम्बिकायाः पतिम्', 'चतुरुदधिवेलावलयितवसुन्धराविख्यातम्'/'चतुरुदधेः वेलया वलयितायां वसुन्धरायां विख्यातम्' । त्यसैले समासमा बाहेक पदमध्यगत सन्धिको विकल्प देखिँदैन । समास्तबाहेकका पदमा पदमध्यगत सन्धिले पद सङ्ख्यामा न्यूनता नल्याए पनि एउटै पदभित्र अनेक अर्थ घटक (Semantic Unit) रहने स्थिति भने निर्माण हुन जान्छ । जस्तै :

दुर्व्यवहारः ⟶ दुर्+वि+अव+हृ+घञ् (अ) (उपसर्ग+उपसर्ग+उपसर्ग+धातु+कृत्प्रत्यय)

दुर्जनता ⟶ दुर्+जन्+अच् (अ)+तल् (ता) (उपसर्ग + धातु + कृत्प्रत्यय + तद्धितप्रत्यय)

असंरचितः ⟶ अ+सम्+रच्+क्त (इ+त) (उपसर्ग + उपसर्ग + धातु + कृत्प्रत्यय)

प्रस्तुत उदाहरणमा क्रमशः ५, ४ र ४ अर्थघटकहरू रहेका छन् । दुर्व्यवहार शब्दमा दुर्+वि+अव+हृ+अ गरी ५ अर्थ घटकहरू छन् । अव र हृबाहेक सबैका बिचमा सन्धि भएको छ । यी सबै पदमध्यगत सन्धि हुन् ।

वाक्यगत (पदान्तगत) सन्धि. वाक्यमा आउने दुई पदका बिचमा हुने सन्धि वाक्यगत वा पदान्तगत सन्धि हो । यसमा अघिल्लो पदको अन्तिम र पछिल्लो पदको सुरु वर्ण आपसमा प्रभावित भई लोप आदि परिवर्तन हुन्छ । संस्कृत भाषामा सन्धियुक्त पृथक् पद आपसमा जोडिन्छन् । कहिलेकाहीँ प्रारम्भदेखि अन्त्यसम्म क्रमशः सन्धि हुँदा सम्पूर्ण वाक्य नै एक शब्दझैँ देखिन्छ । जस्तै : तन्निर्देशनमाकर्ण्याग्रजोऽप्यतीवानन्दमनुभवन्नासीत् । यहाँ तत्, निर्देशनम्, आकर्ण्य, अग्रजः, अपि, अतीव, आनन्दम्, अनुभवन्, आसीत् गरी ९ ओटा पदहरू सन्धिमा आबद्ध छन् । यस अवस्थामा साधारण शब्द गणना पद्धतिले २ शब्द मात्र देखाउँछ । साक्ष्य ६ मा प्रयुक्त अनुपमवर्चसम्, अर्चयाञ्चकार/ अनुपमवर्चसमर्चयाञ्चकार, भगवन्तम्, अम्बिकापतिम्/ भगवन्तमम्बिकापतिम् जस्ता स्थानमा विशेषणसँग क्रमशः क्रिया र नामपदको सन्धि भएको छ । फरक फरक पदबिच भएकाले यहाँ सन्धि अनित्य वा ऐच्छिक हुन्छ । यी पदान्तगत सन्धिका उदाहरण हुन् ।

सीमाङ्कनमा सन्धि र समासको प्रभाव

संस्कृत लेखरचनाको शब्द गणनाद्वारा गरिने सीमाङ्कनका केही सीमाहरू छन् । यस भाषामा बहुपदी समासले शब्दहरूलाई दीर्घ र दीर्घतम एक समस्त पदमा रूपान्तर गरिदिन्छ । फलतः पदसङ्ख्या अत्यधिक घट्ने र अर्थघनत्व अत्यधिक बढ्ने हुन्छ । सन्धिले वाक्य वा उपवाक्यका सबै प्रकार (लघु, मध्यम, दीर्घ र दीर्घतम) का पदहरूलाई आपसमा जोडिदिन्छ । कहिलेकाहीँ साधारण शब्द गणकले समग्र वाक्य नै एक वा दुई शब्द देखाइदिन्छ । यसले वास्तविक पदसङ्ख्या पनि गणनामा नआउने अर्को समस्या पैदा हुन्छ । समास र सन्धिका वैकल्पिक प्रयोग पनि यस भाषामा पाइन्छन्; जसले पदयोग र वियोगको

स्थिति अनुमान गर्न प्रायः असम्भव हुन्छ । एउटै कथ्यलाई प्रस्तोताहरूले विविध शैलीमा प्रस्तुत गर्न सक्ने हुँदा साधारण गणनाले देखाउने शब्दसीमाभित्र लेखरचनाको भाषिक अभिव्यक्तिगत पक्ष सीमाबद्ध हुन सक्दैन । संस्कृत गद्यलेखनमा सन्धि र समासको न्यून प्रयोगयुक्त अभिव्यक्ति सम्भव भए पनि त्यसको मात्रागत मानदण्ड नहुँदा वैयक्तिक प्रयोगमा अत्यधिक असमानता रहन सक्छ । नेपाली, अङ्ग्रेजी, हिन्दी आदिमा झैँ पदान्तगत सन्धि र बहुपदी समासको न्यूनीकरणद्वारा कम शब्दमा कथ्यको प्रस्तुति सम्भव होला । यसले भाषाको विशिष्टता हटाउने वा घटाउने कार्य गर्दछ; जसको प्राज्ञिक लेखनमा हुने दीर्घकालीन निरन्तरताबाट भाषाको मौलिकता नै सङ्कट पर्न सक्छ । संस्कृत वाङ्मयका प्राचीन कृतिको उद्धरणविना संस्कृत लेखन गर्नु असम्भव कार्य हो । प्रचलित विधिद्वारा परिगणित शब्दसीमाले उद्धरणको भाषिक अभिव्यक्तिगत पक्षमा असमानता पैदा गर्दछ नै समान शब्द रहेका उद्धरणको आकारमा पनि विशाल अन्तराल रहन्छ । जस्तै :

साक्ष्य ७ :

> यावच्चासौ तस्मात्तरुशिखरान्नावतरति तावदहमवशीर्णपत्त्रसवर्णत्वादस्फुटोपलक्ष्यमाणमूर्तिः पितरमुपरतमुत्सृज्य नृशंस इव प्राणपरित्यागयोग्येऽपि काले बालतया कालान्तरभुवः स्नेहरसस्यानभिज्ञो जन्मसहभुवा भयेनैव केवलमभिभूयमानः किञ्चिदुपजाताभ्यां पक्षाभ्यामीषत्कृतावष्टम्भो लुठन्नितस्ततः कृतान्तमुखकुहरादिव विनिर्गतमात्मानं मन्यमानो नातिदूरवर्तिनः शबरसुन्दरीकर्णपूररचनोपयुक्तपल्लवस्य सङ्कर्षणपटनीलच्छायोपहसत इव गदाधरदेहच्छविम्, अच्छैः कालिन्दीजलच्छेदैरिव विरचितच्छदस्य वनकरिमदोपसिक्तकिसलयस्य विन्ध्याटवीकेशपाशश्रियमुद्वहतः दिवाप्यन्धकारितशाखान्तरस्य, अप्रविष्टसूर्यकिरणमतिगहनमपरस्येव पितुरुत्सङ्गमतिमहतस्तमालविटपिनो मूलदेशमविशम् । (बाणभट्टः, २०६९, पृ. १६१-६३)

साक्ष्य ८ :

> इभकलभार्द्धोपभुक्तपतितैः सरस्वतीभुजलताविगलितैः शङ्खवलयैरिव मृणालशकलैः कल्माषितम्, ऋषिजनार्थमेणकैर्विषाणशिखरोत्खन्यमानविविधकन्दमूलम्, अम्बुपूर्णपुष्करपुटैर्वनकरिभिरापूर्यमाणविटपा-लवालकम्, ऋषिकुमारकाकृष्यमाणवनवराहदंष्ट्रान्तराललग्नशालूकम्, उपजातपरिचयैः कलापिभिः पक्षपुटपवनसन्धुक्ष्यमाणमुनिहोमहुताशनम्, आरब्धामृतचरुचारुगन्धम्, अर्द्धपक्वपुरोडाशपरिमलामोदितम्, अविच्छिन्नाज्यधाराहुतिहुतभुग्झङ्कारमुखरितम्, उपचर्यमाणातिथिवर्गम्, पूज्यमानपितृदैवतम्, अर्च्यमानहरिहरपितामहम्, उद्दिश्यमानश्राद्धकल्पम्, व्याख्यायमानयज्ञविद्यम्, आलोच्यमानधर्मशास्त्रम्, वाच्यमानविविधपुस्तकम्, विचार्यमाणसकलशास्त्रार्थम् (बाणभट्टः, २०६९, पृ. १८८-९०)।

साक्ष्य ९ :

> न हि केवलशृङ्गारादिशब्दमात्रभाजि विभावादिप्रतिपादनरहिते काव्ये मनागपि रसवत्त्वप्रतीतिरस्ति । यतश्च स्वाभिधानमन्तरेण केवलेभ्योऽपि विभावादिभ्यो विशिष्टेभ्यो रसादीनां प्रतीतिः । केवलाच्च स्वाभिधानादप्रतीतिः । तस्मादन्वयव्यतिरेकाभ्या-मभिधेयसामर्थ्याक्षिप्तत्वमेव रसादीनाम् । न त्वभिधेयत्वं कथञ्चित्, इति तृतीयोऽपि प्रभेदो वाच्याद्भिन्न एवेति स्थितम् । वाच्येन त्वस्य सहेव प्रतीतिरित्यग्रे दर्शयिष्यते (आनन्दवर्धनः, २०६१, पृ. ६१) ।

प्रस्तुत साक्ष्यमा पङ्क्ति र शब्दको सङ्ख्यात्मक वितरण तलको तालिकामा देखाइएको छ।

साक्ष्य	पङ्क्ति (हरफ) सङ्ख्या	साधारण गणनाको नतिजा	समास र सन्धि विच्छेदित नतिजा		अन्तराल (प्रतिशतमा)	
			यान्त्रिक	मानवीय	यान्त्रिक	मानवीय
७	६	३५	११०	८६	२१४%	१४५.७१%
८	६	२२	९६	९७	३३६%	३४०%
९	४	३४	६७	६९	१३५%	११४.७%

साक्ष्य ८-१० मा समास र सन्धिगत असमानताले साधारण शब्द गणनामा पारेको प्रभाव माथिको तालिकामा स्पष्ट देखिन्छ। समान पङ्क्ति रहेका साक्ष्य ७ मा ३५ र ८ मा २२ शब्द साधारण गणना पद्धतिले देखाएको छ। वास्तविक सङ्ख्या भने साधारण र सन्धिविच्छेदित गणनाको नतिजामा ठिक उल्टो (८६ र ९७) रहेको छ। साधारण गणनामा करिब समान शब्द (३५ र ३४) रहेका साक्ष्य ७ र ९ मा २ पङ्क्ति (६ र ४) को अन्तराल रहेको छ। दुई गणनाको अन्तराल ११४.७% देखि ३४०% छ; जसले साधारण र सन्धि विच्छेदित गणनाबिचको अन्तरालगत विविधता स्पष्ट देखाएको छ; जसले भाषिक अभिव्यक्तिगत पक्षमा अत्यधिक असमानता पैदा गरेको छ। समास र सन्धिले शब्दसीमामा आधारित उद्धरण विभाजनलाई पनि प्रभावित पार्दछ। जस्तै :

साक्ष्य १० :

> अथ क्रमेण रजतकुम्भमम्भोभरणार्थमिवेन्दुमण्डलमादाय पश्चिमाम्भोनिधिपुलिनमनुसरत्यां तरुणकपोतकन्धरारोमराजिराजिन्यां रजन्याम्म्, अखिल-कमलखण्ड-कमलिनीनां विनिद्रायमाण-कमलकुड्मलविलोचनेषु कज्जलरेखास्विवोल्लसन्तीषु भ्रमरराजिषु, राजीवराजिपुञ्जनिकुञ्जे शिञ्जानमञ्जीरमञ्जुलमुन्नदत्सु शरद्वलाहकवलक्षपक्षविक्षेपपवनतरलिततरुणतामरसेषु दीर्घिकावतंसेषु हंसेषु, क्रेङ्कारयति च चक्रवाकमिथुनमेलकमङ्गलमृदङ्ग इव रौप्यघर्घररवसरसं सारसकुले, अवश्यायजलशिशिरशीकरिणि मन्दान्दोलितविनिद्रद्रुममञ्जरीरजःकणकषायिते तमःसर्पसंदष्टोज्जीवितजगन्निश्वासायमाने प्रस्खलति प्रभातसुरतश्रमखिन्नसुन्दरी-कुचमण्डले मरुति, मनोहारिहारीतहरितहये हरिततिमिरपटलपटीं गगनलक्ष्म्याः करपरामृष्टपयोधरे रागवति सवितरि, मृगमदमिलित-बहलकुङ्कुममण्डनमञ्जरीभिरिव पिञ्जरिते पुरन्दरदिङ्मुखे सुखप्रसुप्ता सा स्वप्नमद्राक्षीत् (त्रिविक्रमभट्टः, ई २००६, पृ. १६१)।

सात पङ्क्ति र ३९ शब्दमा विस्तारित प्रस्तुत साक्ष्य एम्एल्ए शैलीअनुसार लामो उद्धरण हो। साधारण गणनाले ३९ शब्द देखाएकाले एपिए शैलीमा यसलाई छोटो उद्धरण मान्नुपर्ने हुन्छ तर सन्धिविच्छेदित शब्द १३१ रहेकाले उक्त उद्धरण यथार्थमा भने लामो उद्धरण नै हो। यसरी प्रचलित विधिद्वारा परिगणित शब्दसीमाभित्र संरचित रचना वा उद्धरणको भाषिक अभिव्यक्तिगत पक्षमा समास र सन्धिले अत्यन्त असमानता पैदा गर्छ। समान शब्दभित्रका उद्धरणको आकारमा पनि विशाल अन्तराल ल्याउँछ।

लेखनको बाह्य आयामगत सीमाङ्कनका प्रचलित युक्ति

लेखरचनाको विस्तारलाई सीमाबद्ध गर्ने प्रचलित मापनका प्रमुख एकाइहरूको यहाँ क्रमशः चर्चा गरिएको छ।

शब्दसङ्ख्या परिगणन (Word Count) . प्राज्ञिक लेखनको सीमा निर्धारणमा यो विधि सर्वाधिक प्रचलित छ। यो सीमाङ्कनको अन्ताराष्ट्रिय मानक पनि हो। प्राज्ञिक लेखन, जर्नलका लेख र निबन्ध तथा कथा प्रतियोगितामा रचनालाई सीमामा बाँध्न यो विधिको प्रयोग प्रचलित छ। अनुसन्धान व्यवस्थापनका शैलीहरू एपिए तथा एम्एल्ए मा पनि यो ढाँचा अपनाइएको छ। आजको डिजिटल युगमा माइक्रोसफ्ट वर्ड वा गुगल डक्सले शब्दसङ्ख्या मापन गरी तुरुन्तै नतिजा दिन सक्छन्। लेखक वा निरीक्षणकर्ताले केही क्षणमा नै माउस थिचेर सजिलै गणना गर्न सक्छन्। त्यसैले यसको प्रयोग अत्यन्त सरल र छिटो छ।

पृष्ठ सङ्ख्या परिगणन (Page Count) . किताब, अनुसन्धान प्रतिवेदन र प्रबन्धको पृष्ठ सङ्ख्यामा आधारित सीमाङ्कन पनि प्रचलित छ। यस विधिमा कागजको आकार (Paper Size : A4, A5, B5, Letter आदि) अक्षर आकार (Font Sige : 12, 14, 16 आदि) दुई पङ्क्तिबिचको खालि स्थान (Line spacing :1.0, 1.15, 1.5, 2.0 आदि) पार्श्वस्थान (Margin : 0.5, 0.7, 1.0, 1.5 आदि) र अक्षररूप (Font : Kokila Preeti Mangal आदि) ले मापनमा असर पार्छ। लेख रचनामा रेखा चित्र, स्तम्भ चित्र, वृत्त चित्र, तालिका, तस्बिर, वृक्षारेख आदिको प्रयोगगत विविधताले सधैँ अपेक्षित नतिजा प्राप्त नहुन सक्छ। त्यसैले यो विधि अपनाउँदा कागज र अक्षरको आकार, अक्षररूप, कागज र पङ्क्तिमा हुनुपर्ने खाली स्थान र प्रति एकाइ स्वीकार्य चित्र र तालिका सङ्ख्या आदि स्पष्ट तोकिनु आवश्यक छ।

वर्ण (मात्रा) सङ्ख्या परिगणन (Character Count) . मोबाइल सन्देश, कम्प्युटर कोडिङ, अनलाइन फारामको प्रणाली, उपशीर्षक सीमाङ्कन र प्रयोगात्मक लेखनमा यसको प्रयोग गरिन्छ। प्राज्ञिक लेखनको आयाम निर्धारणका सन्दर्भमा भने यसको उपयोग अति न्यून छ।

हरफ वा पङ्क्ति सङ्ख्या परिगणन (Line Count) . प्राज्ञिक लेखनको सीमाङ्कनसँगै कविता (गद्य र पद्य दुवै), गीत, संवाद आदि लेखनमा पनि यसको निकै प्रयोग हुन्छ। एम्एल्ए शैलीले उद्धरण सीमाङ्कनमा यो विधि अपनाएको छ।

अनुच्छेद सङ्ख्या परिगणन (Paragraph Count) . लेख रचनाको सीमाङ्कनका लागि अनुच्छेदको सङ्ख्या तोक्ने गरिन्छ। अनुच्छेदको लम्बाइमा हुने विविधताले यसको प्रभावकारितामा सीमा देखाउँछ।

वाक्य सङ्ख्या परिगणन (Sentences Count) . विराम चिह्न, संरचना, अर्थ र व्याकरणिक नियमका आधारमा भाषिक अभिव्यक्तिलाई निश्चित वाक्य सङ्ख्यामा सीमाबद्ध पार्न सकिन्छ। आठ वाक्यको अनुच्छेदलाई चार वाक्यमा संश्लेषण र १५ वा २० वाक्यको सारांश लेखन यसका उदाहरण हुन्। वाक्यको लम्बाइ र अभिव्यक्तिगत घनत्व सधैँ समान हुँदैन। संरचनागत समानता रहे पनि पद, पदावली र उपवाक्यको उपस्थिति समान नहुन सक्छ । त्यसैले यसबाट भाषिक अभिव्यक्तिको सन्तुलित सीमाङ्कन हुने अवस्था न्यून रहन्छ।

समय सीमा (Timebased extent) . निश्चित समयावधिमा कथ्य वा लेख्य अभिव्यक्ति दिन लगाउनु समय सीमा परिगणन हो। पाँच वा सात मिनेटको अवधिमा कुनै विषयमा बोल्न वा लेख्न लगाएर वा २ वा ३ घन्टाको समयमा प्रश्न पत्रको उत्तर लेख्न लगाएर अभिव्यक्तिलाई निश्चित सीमामा राख्न सकिन्छ। गतिमा हुन सक्ने विविधताले एकै समयावधिमा प्रस्तुत अभिव्यक्ति पनि असमान हुन सक्छ।

छन्दगत आयामहरू (वर्ण, मात्रा, पाउ र पद्य) . छन्दशास्त्रमा चार पाउको एक पद्य हुन्छ। पाउमा हुने वर्ण र मात्राको आठ, एघार, बाह्र, पन्ध्र, सत्र, उन्नाइस वा एक्काइस आदि सङ्ख्या तोकिएको हुन्छ। यसका अतिरिक्त श्लोक (पद्य) र सर्ग सङ्ख्याले पनि काव्यको आयामलाई सीमाबद्ध पार्छ। कुनै पनि छन्दका श्लोकमा रहेका वर्ण वा मात्रा सजिलै थाहा पाउन सकिन्छ। जस्तै : पाउमा हुने वर्णसङ्ख्या, श्लोकमा हुने पाउसङ्ख्या र श्लोकसङ्ख्या गुणनद्वारा (१७ × ४ = ६८ × ६४ = ४३५२) पूर्वमेघमा प्रयुक्त वर्णको कुल सङ्ख्या निकाल्न सकिन्छ।

प्रचलित युक्तिको संस्कृत रचनाको सीमाङ्कनमा सान्दर्भिकता

नेपालमा संस्कृत भाषाको प्राज्ञिक लेखन सीमाङ्कनमा शब्दसीमा तोकिन्छ। त्यो संस्कृत सन्धि र समासगत अनेक विकल्पले निकै चुनौतीपूर्ण र असान्दर्भिक पनि बनेको छ। त्यसैले यसका विकल्पहरू खोज्नु आवश्यक छ। सम्भाव्य विकल्पहरूबारे चर्चा गरिएको छ :

सन्धिविच्छेदपछि शब्दगणना . अत्यधिक पदयोगले वास्तविकभन्दा कम शब्द देखिने समस्या सन्धि विच्छेदित पद गणनाद्वारा समाधान गर्न सम्भव छ। यसको उपयोगले सन्धि र समासका कारण उत्पन्न अत्यधिक शब्दसङ्ख्या घट्ने तर अर्थघनत्व बढ्ने स्थितिको न्यूनीकरण सम्भव हुन्छ; जसबाट संस्कृत लेखनमा गरिने शब्दसङ्ख्यामा आधारित सीमाङ्कनलाई नेपाली, अङ्ग्रेजी आदि विश्वेषणात्मक भाषासरह तुल्याउन सकिन्छ। यसका लागि शब्द गणनाअघि सन्धिविच्छेद गर्नु आवश्यक हुन्छ। यसका लागि निम्न उपाय प्रयोग गर्न सकिन्छ :

यान्त्रिक सन्धिविच्छेदन प्रणाली . यान्त्रिक सन्धिविच्छेद कम्प्युटर वा सफ्टवेयर प्रयोगद्वारा संस्कृत वा अन्य भाषामा भएका संयुक्त शब्दहरूलाई अलग गर्ने प्रक्रिया हो। पारम्परिक रूपमा सन्धिविच्छेद मानवद्वारा व्याकरणिक नियमको आधारमा गरिन्थ्यो। हाल ठुला ग्रन्थ वा डिजिटल पाठ विश्लेषण गर्न यान्त्रिक विधि विकास गरिएको छ। छोटो समयमा नै लामा रचनाभित्रका सन्धि छुट्याउन यो अत्यावश्यक हुन्छ। यसमा सन्धिविच्छेद गर्नुपर्ने शब्द वा वाक्यलाई कम्प्युटरमा प्रविष्ट गरेपछि विविध सफ्टवेयर वा उपकरणका सहायताले सन्धि छुट्याई केही क्षणमा नै नतिजा प्राप्त हुन्छ। साक्ष्य २ का सुरुका २ हरफलाई ChatGPT द्वारा गरिएको यान्त्रिक सन्धि विच्छेद र गणना तलको तालिकामा दिइएको छ :

पद	विच्छेद	शब्द
अथ	अथ	1
नातिदूरोद्गतेन	न + अति + दूर + उद्गतेन	4

पद	विच्छेद	शब्द
त्रिभुवनप्रासादमहाप्रणालानुकारिणा	त्रि + भुवन + प्रासाद + महा + प्रणाल + अनुकारिणा	6 (4?)
सुधासलिलप्लवानिव	सुधा + सलिल + प्लवन (प्लवान् ?) + इव	4
वहता	वह् + ता (वह् +शतृ = वहत् +टा ?)	1
चन्दनरसनिर्झरनिकरानिव	चन्दन + रस + निर्झर + निकर (निकरान्?)+ इव	5
क्षरता	क्षर + ता (क्षर् शतृ क्षरत् टा)	1
अमृतसागरपूरानिवोद्गिरता	अमृत + सागर + पूर (पूरान्)+ इव + उद् + गृ + ता (उद्+गिर्+शतृ = उद्गिरत्+टा ?)	7 (5?)
श्वेतगङ्गाप्रवाहसहस्राणीव	श्वेत + गङ्गा + प्रवाह + सहस्राणि + इव	5
वमता	वम+ ता (वम्+शतृ = वमत् +टा ?)	1
श्वेतद्वीपनिवासमिव	श्वेत + द्वीप + निवास + इव	4
कुल शब्द		39 (35?)

माथिको तालिकामा जस्तै सन्धिविच्छेद र शब्द गणना गर्ने यान्त्रिक प्रविधिमा Sanskrit OCR, Indic NLP Library, Sandhi Splitter, Python Script / Custom Algorithms, Sanskrit Heritage Engine प्रमुख छन् । यिनीहरूले नियम वा शब्दकोशबाट मिल्दा विकल्प पहिचान गरी व्याकरणिक शुद्धता र अर्थसङ्गति जाँच गरी तत्कालै नतिजा दिन्छन् । यी उपकरणमा डिजिटल ग्रन्थ, श्लोक, महाकाव्य, वा बृहत् पाठको विश्लेषणमा समय बचत, शुद्धता, र दोहोर्याउन मिल्ने सुविधा रहेको छ । Sandhi Splitter विशेषतः संस्कृत सन्धिविच्छेदका लागि डिजाइन गरिएको हो । यान्त्रिक सन्धिविच्छेद पद्धतिका निम्न सीमा रहेका छन् :

- केही उपसर्ग प्रत्यय आदिसमेत छुट्याउने हुँदा वास्तविक नहुन सक्ने ।
- जटिल सन्धि, काव्य शैलीका रचना र समासबहुल वाक्यमा त्रुटि हुन सक्ने ।
- दुर्लभ रूप, अव्ययको समास र उपसर्ग पहिचानमा समस्या
- सन्दर्भ नबुझी विभाजन गरिदिने जोखिम
- इन्टरनेट र सर्भरका कारण माइक्रोसफ्ट वर्डमा जस्तो छिटो छरितो नहुने

प्रस्तुत सीमाहरूको न्यूनीकरणसहित सन्धिविच्छेदक प्रविधिमा संस्कृतको प्राज्ञिक अनुसन्धानसम्बद्ध व्यक्ति र निकायको सहज पहुँच गराउन सक्दा यो विकल्प निकै प्रभावकारी बन्न सक्छ।

मानवीय सन्धिविच्छेदन प्रणाली . संस्कृत भाषाका पण्डित भाषाविद् वा संस्कृतज्ञ व्यक्तिले पाणिनीय व्याकरण र अर्थसन्दर्भका आधारमा रचनामा प्रयुक्त सन्धियुक्त वा समस्त पद तथा वाक्यमा प्रयुक्त प्रातिपदिक छुट्याउने कार्य मानवीय सन्धिविच्छेदन प्रणाली हो। यन्त्रले केवल ध्वनि वा कोशको प्रविष्टि हेरेर सन्धिविच्छेद गर्ने भएकाले त्यस्तो सन्धिविच्छेदमा त्रुटि हुन सक्छन् तर मानवले सन्दर्भलाई ख्याल राख्ने हुँदा शुद्धताको मात्रा उच्च रहन्छ। मानवले उपलब्ध बहुविकल्पको विश्लेषणबाट सही विकल्प चयन गर्दछ। स्वचालित उपकरणहरूले काव्यभाषा, विलक्षण प्रयोग, ग्रहण अग्रहण र छन्दानुसारका सन्धिलाई सन्धिविच्छेदमा समावेश गर्न सक्दैनन् तर मानवबाट भने सजिलै हुन सक्छ तापनि यसका निम्न सीमितता रहेका छन् :

- अधिक समय व्यय हुने
- व्यक्तिगत ज्ञान र दक्षतामा सही नतिजा र द्रुतता निर्भर रहने
- बृहद् ग्रन्थको सन्धिविच्छेद स्वचालित अवस्थामा आवश्यक परे ढिलो हुने
- पाणिनीय व्याकरणका नियम बुझेर काम गर्ने क्षमता सबै व्यक्तिमा उत्तिकै नरहँदा असमानता हुने

व्यावहारिक प्रयोगमा न्यून उपयोगिता रहँदारहँदै पनि यान्त्रिक सन्धिविच्छेदन प्रणालीको सबलीकरणद्वारा नतिजामा याथार्थ्य अभिवृद्धिमा यसको सर्वाधिक महत्त्व रहन्छ।

पृष्ठ तथा हरफ सङ्ख्या गणनाद्वारा सीमाङ्कनको मापदण्ड विकास . नेपालमा विभिन्न भाषामा लेखिने शोधलेखको आयामगत सीमाङ्कन गर्न शब्दसङ्ख्या तोक्ने प्रचलन छ। उद्धरण विभाजन गर्न एपिए शैलीमा शब्दसङ्ख्या र एम्एल्ए शैलीमा पङ्क्ति सङ्ख्यालाई आधार बनाइएको छ। नेपाल संस्कृत विश्वविद्यालयले विद्यावारिधि शोधप्रबन्धको आयाम सीमाङ्कन गर्न पृष्ठ सङ्ख्या तोकेको पाइन्छ। यसरी हेर्दा समग्र लेखनको सीमाङ्कनमा शब्द वा पृष्ठ सङ्ख्या तोक्ने, भित्री अवयवको सीमाङ्कन शब्द वा हरफ सङ्ख्याका आधारमा गर्ने प्रचलन रहेको देखिन्छ। संस्कृत लेख रचना र अनुसन्धान प्रतिवेदनको आयामलाई निश्चित सीमामा राख्ने उपयुक्त विकल्प पृष्ठ सङ्ख्या परिगणन पनि हुन सक्छ। यसमा सन्धि र समासगत विकल्पका कारण हुने पदयोग वा वियोगले कुनै प्रभाव पार्दैन त्यसैले सन्धि भएको नभएको दुवै अवस्थामा पृष्ठको सङ्ख्या समान रहन्छ। भाषा निरपेक्ष हुने र गणना गर्न पनि सजिलो भएकाले कागज र अक्षरको आकार, अक्षररूप, कागजको पार्श्वस्थान, पङ्क्तिको अन्तराल, प्रति एकाइ स्वीकार्य चित्र, तस्बिर र तालिका सङ्ख्या आदिको पनि स्पष्ट किटानसहित पृष्ठ सङ्ख्याका आधारमा समग्र लेखरचनाको आयामलाई सहजै सीमाबद्ध पार्न सकिन्छ।

लेखनका भित्री अवयव (सार, विषयप्रवेश, निष्कर्ष, पूर्वकार्य समीक्षा आदि) र उद्धरणहरूको सीमाङ्कन पङ्क्ति वा हरफ सङ्ख्या तोकेर गर्न सकिन्छ। एम्एल्ए शैलीमा जस्तै संस्कृत उद्धरणमा पनि यसको उपयोग गर्दा सन्धि बहुल एवम् दीर्घ समास प्रयुक्त र सन्धिहीन तथा असमस्त दुवै खालका उद्धरणमा आकारगत समानता ल्याउन सकिन्छ। सार, निष्कर्ष आदि

आन्तरिक अवयवमा पनि यस विधिको उपयोगबाट सन्धि र समासबाट उत्पन्न हुन सक्ने दुष्प्रभावबाट बच्न सकिन्छ । यस विधिको प्रयोग गर्दा पार्श्वस्थान, कागज र अक्षरको आकार, अक्षररूपसम्बद्ध स्पष्ट मापदण्ड बनाउनु अत्यावश्यक हुन्छ ।

निष्कर्ष

प्राज्ञिक लेखनमा सुस्पष्टता, मापनीयता र स्थिरता अति आवश्यक हुन्छ । यसको विस्तारगत आयाम निर्धारणमा पनि यी कुरा विचारणीय हुन्छन् । वर्ण वा मात्राको अन्तरालमा आधारित शब्दसङ्ख्याभित्र रचनाको सीमाङ्कन गर्ने विधिमा फन्ट र कागजको आकार, पार्श्वस्थान, पङ्क्तिका अन्तराल आदिले प्रभाव पार्दैनन् । यो सर्वाधिक प्रचलित र उपयुक्त विधि पनि हो तर साधारण शब्द गणनाद्वारा सन्धि व्यवस्था र समासका कारण सबै अवस्थामा सही रूपमा संस्कृत रचनाको आयामलाई सीमाबद्ध गर्न सकिँदैन । सन्धिविच्छेदपछि शब्द गणना गर्दा यो समाधान हुन सक्छ । यसका लागि भरपर्दा सन्धिविच्छेदक उपकरण सहज सुलभ हुनु आवश्यक छ । नेपालमा हालसम्म संस्कृत भाषामा प्रज्ञिक लेखन गर्ने र सम्पादन प्रकाशन गर्नेको पहुँचमा यस्तो प्रविधि र उपकरणसम्म सहज पहुँच हुन सकेको छैन । उपलब्ध यस्ता उपकरणमा विश्वसनीयता र सही नतिजा दिन सक्ने क्षमता कम छ । यसरी उपकरणको पहुँच विस्तार र क्षमता अभिवृद्धिपश्चात् सन्धि विच्छेदित शब्दको सङ्ख्यात्मक सीमाङ्कन उपयुक्त हुन्छ ।

पृष्ठ सङ्ख्या गणना विधिद्वारा गरिने सीमाङ्कनमा पनि आफ्नै शक्ति र सीमाहरू छन् । कागज र विद्युतीय स्वरूपगत भेद, चित्र र तालिका प्रयोगको अवस्था, कागज र अक्षरका आकार, पङ्क्ति र कागजको पार्श्वस्थान, अक्षर रूप आदिले रचनामा शब्दसङ्ख्या समान रहँदा पनि पृष्ठको सङ्ख्यामा भिन्नता ल्याउँछ । त्यसैले यसबाट लेखरचनाको सीमाङ्कन गर्न कागज, अक्षर, पार्श्वस्थान, चित्र र तालिका प्रयोगका एकाइगत सर्त र सीमा आदि विषयमा स्पष्ट निर्देशन अत्यावश्यक हुन्छ ।

संस्कृत प्राज्ञिक लेखनको आयामगत सीमाङ्कनका लागि हरफ वा पङ्क्ति सङ्ख्या परिगणन उपयुक्त विकल्प हो । सन्धि र समासको बहुल प्रयोग भएका रचनाहरूमा शब्दसङ्ख्या अति कम, मध्यम समास भएका रचनामा कम र प्रायः असमस्त रचनामा स्वीकार्य रहन्छ । यसले रचनाको बाह्य आयामगत विस्तारमा बहुलता ल्याउँछ । यसबाट शब्दसङ्ख्यागत सीमाङ्कनमा जुन समस्या उत्पन्न हुन्छ त्यसको निवारण पनि पङ्क्तिमा आधारित मापनबाट हुन्छ र यस्तो मापन तुलनात्मक रूपमा स्थिर र भाषाशैली निरपेक्ष पनि रहन सक्छ । उद्धरण, सार, विषय प्रवेश, निष्कर्ष आदि शोधलेख वा शोधप्रबन्धका आन्तरिक अवयव तथा सङ्क्षिप्त आलेख र अध्ययन प्रतिवेदनको आयाम निर्धारणमा यस्तो मापन उपयुक्त हुन्छ । समग्र शोधप्रबन्ध, शोधलेख, अनुसन्धान प्रतिवेदन आदिमा भने पृष्ठ सङ्ख्या वा सन्धिविच्छेदपछि परिगणित शब्दसीमा तोक्नु उचित हुन्छ ।

सन्दर्भसूची

अनुसन्धान व्यवस्थापन एकाइ, श्री विन्दुवासिनी संस्कृत विद्यापीठ (Updated: 18 May 2018). Author Guidelines, *कौमोदकी*. अनुसन्धान व्यवस्थापन एकाइ, श्री विन्दुवासिनी संस्कृत विद्यापीठ । Retrieved 10/28/2025, from https://www.nepjol.info/index.php/kdk/about/submissions#authorGuidelines

अनुसन्धानव्यवस्थापनसमितिः, नेपालसंस्कृतविश्वविद्यालयः विश्वविद्यालयविद्यापीठम् (Updated : 17 September 2025). Author Guidelines, *अन्वेषणा*. अनुसन्धानव्यवस्थापनसमितिः, विश्वविद्यालयविद्यापीठम्, नेपालसंस्कृतविश्वविद्यालयः । Retrieved 10/28/2025, from https://www.nepjol.info/index.php/anveshana/about/submissions#authorGuidelines

आनन्दवर्धनः (२०६१). *ध्वन्यालोकः*, लोचनहिन्द्यनुवादभूमिकापरिशिष्टसंयुतम् (अनु. सम्पा. च गङ्गासागररायः). चौखम्बा संस्कृतभवन ।

कुलकर्णी, अम्बा (ई. २०२५). सन्धि-विच्छेदिका (Sandhi-Splitter). संसाधनी (संस्कृत कम्प्युटेशनल लिङ्ग्विस्टिक्स प्लेटफर्म). University of Hyderabad. Retrieved 10/28/2025, from https://sanskrit.uohyd.ac.in/scl/#

गौतमः (१९७८). *न्यायसूत्र और न्यायभाष्यका भाषानुवाद* (अनु. राजाराम प्रोफैसर). हरभगवान् शर्मा के प्रबन्ध से बाम्बे मैशीन प्रैस में छपवाया । https://archive.org/details/in.ernet.dli.2015.343189/page/%E0%A5%AB%E0%A5%A9/mode/2up

घोडासैनी, खगेन्द्र (ई. २०२२). एपिए सातौँ संस्करणका प्रावधानहरू [Provisions of the seventh edition of APA]. *Haimaprabha*, 21 (01), 42–49. https://doi.org/10.3126/haimaprabha.v21i01.44839

जनता विद्यापीठ अनुसन्धान समिति (Updated: 18 May 2018). Author Guidelines, *हैमप्रभा*. जनता विद्यापीठ अनुसन्धान समिति, दाङ । Retrieved 10/28/2025, from https://www.nepjol.info/index.php/haimaprabha/about/submissions#authorGuidelines

त्रिविक्रमभट्टः (ई. २००६). *नलचम्पूः*, (प. सं.) सुधासंस्कृतहिन्दीव्याख्याद्वयोपेता (व्या. का. परमेश्वरदीन पाण्डेय, सम्पा. राजेन्द्रप्रसाद कोठ्यारी). चौखम्बा सुरभारती प्रकाशन ।

द संस्कृत हेरिटेज साइट (The Sanskrit Heritage Site) Retrieved 11/28/2025, from https://sanskrit.inria.fr/DICO/sandhi.fr.html

दण्डी (२००४). *दशकुमारचरितम्*, (ताराचरणभट्टाचार्यकृतया बालविबोधिनीसंस्कृतटीकया केदारनाथशर्मकृतया बालक्रीडयाहिन्दीटीकया च समुल्लसितम्). जयकृष्णदास हरिदास गुप्त, चौखम्बा संस्कृत सिरीज आफिस । https://ia902907.us.archive.org/14/items/in.ernet.dli.2015.407471/2015.407471.Dashkumar-Charitam.pdf

बाणभट्टः (२०६९). *कादम्बरी*, (द्वि.सं.) सविमर्शधावबोधिनीसंस्कृतहिन्दीव्याख्याद्वयोपेता (सम्पा. व्या. का. च जयशंकरलाल त्रिपाठी). चौखम्बा कृष्णदास अकादमी ।

बोदस, निलेश (मिति अनुल्लिखित). *अष्टाध्यायी डट कम* (पाणिनीय व्याकरण अध्ययनका लागि अनलाइन स्रोत). व्योम लिङ्ग्विस्टिक ल्याब्स फाउन्डेसन । Retrieved 12/17/2025, from https://ashtadhyayi.com/

वरदराजः (ई. १९९५). *मध्यसिद्धान्तकौमुदी*, (प. सं. पुनर्मु.) प्रभाकरीविवृतिहिन्दीभाषानुवादसंवलिता (सम्पा. विवृ. का. च विश्वनाथशास्त्री). मोतीलाल बनारसीदास ।

विष्णुशर्मा (१९९७). *पञ्चतन्त्रम्*, अभिनवराजलक्ष्मी टीकया विराजितम् (टी. का. गुरुप्रसादशास्त्री). भार्गव पुस्तकालय, वाराणसी । https://archive.org/details/in.ernet.dli.2015.312627/page/n53/mode/1up

व्यासः (२०६०). *श्रीमद्भागवतमहापुराणम्* (मूलमात्रम्). गीताप्रेस ।

शास्त्री, देवप्रकाश पातञ्जल (२०१२). *अष्टाध्यायी प्रकाशिका*. देवप्रकाश पातञ्जल शास्त्री । https://ia801506.us.archive.org/29/items/in.ernet.dli.2015.406966/2015.406966.Astadhyaye-Prakashika_text.pdf